बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नम्बर:

**सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापनका लागि संस्था छनौट सम्बन्धी सूचना।**

(मिति : २०८३।०३।२३, नेपाल संवत् ११४६, तछलागा सप्तमी, मंगलबार)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सडक आश्रित मानव पहिचान, उद्धार, संरक्षण, व्यवस्थापन एवम् सडकमुक्त प्रदेश घोषणा कार्यक्रमलाई कार्यान्वयन गर्न प्रदेश सरकारबाट स्वीकृत भएको सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा १० बमोजिमको सेवा सञ्चालन गर्न इच्छुक प्रचलित कानुन बमोजिम दर्ता भई सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, संरक्षण र व्यवस्थापनको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरुका लागि मिति २०८३।०३।१६ गतेको सार्वजनिक सूचना मार्फत आवेदन माग गरिएकोमा तोकिएको समयासिमाभित्र एकमात्र संस्था श्री मानवसेवा आश्रम, काठमाडौं-२६, काठमाडौंले आवेदन पेश गरेको र सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा १५ बमोजिम उक्त संस्था छनौट गर्ने मन्त्रालयको मिति २०८३।०३।२३ गतेको निर्णयानुसार कार्यविधिको दफा १६ बमोजिमको सम्झौताका लागि मिति २०८३।०३।२५ गतेभित्र आवश्यक कागजात सहित उपस्थित हुनुहुन सूचित गरिन्छ ।

२०८३।०३।२३
रामचन्द्र गिरी
शाखा अधिकृत

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेल: mosd@bagamati.gov.np, वेबसाइट: mosd.bagamati.gov.np